# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No, Province, Nepal


गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
३ नं. प्रदेश, नेपाल
२०७३

पत्र संख्या/Ref. No:- २०७५/०७६
चलानि नं./Dispatch No:- ६४०

प्रथम पटक प्रकाशित मिति:२०७५/११/२१

## गाई प्रवर्द्धन कार्यक्रम संचालनको लागि संक्षिप्त व्यावसायीक कार्ययोजना आव्हान सम्बन्धि सूचना ।

आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाई प्रवर्द्धन कार्यक्रमको माध्यमबाट स्वरोजगार श्रृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक गाईपालक कृषक समुहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक समूहले यो सूचना प्रथम प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तपशिल अनुसारका कागजातहरु सहित तोकिएको ढाचाँ अनुसारको आवेदन सम्वन्धित गाउँपालिकाको पशु शाखा कार्यालयमा दर्ता गर्नु पर्नेछ । साथै विगत दुई आर्थिक वर्षससम्म साविकको जिल्ला पशु सेवा कार्यलय तथा अन्य निकायबाट गाईपालन सम्वन्धित कुनै पनि नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका समूहहरु छनौट प्रकृयामा समावेश हुने छैनन् । विदेशबाट फर्केका युवाहरुलाई विशेष ग्राह्यता दिइने छ ।

तपसिल:

१.रुपैया दशको हुलाक टिकट टाँस गरेको **गाई प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०७५** को अनुसूची-२ अनुसारको आवेदन-पत्र,

२.**गाई प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०७५** को अनुसूची-३ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजना,

३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

४.अन्य प्रमाणित प्रमाण पत्रहरु ( तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु,

५. समूह सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,

६. बैदेशिक रोजगारबाट फर्केका कृषकहरुको हकमा पासपोर्टको प्रतिलिपी,

७. समूहमा आवद्ध कुनै सदस्य विपन्न भएमा सम्वन्धित स्थानीय तहले गरेको सिफारिस-पत्र,

८. कार्यक्रम संचालन गर्ने स्थलको फोटो,

९. साझेदार संस्थाले प्रत्येक समूह सदस्यको छुट्टाछुट्टै कार्ययोजना सकंलन गरी सो को कमक्पाइलेशन एकमुष्ट पेश गर्नु पर्नेछ ।

***नोट :** गाउँपालिकाको तर्फबाट उक्त कार्यक्रमको लागि दश लाख रुपैंया अनुदान उपलब्ध गराईनेछ ।*

नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत